# प्रभाव दैनिक
National Daily

वर्ष १० अंक २४२ काठमाडौं सोमबार, १६ पुस २०८० Prabhab National Daily Monday, January 1, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


कांग्रेसको मापदण्ड

## राष्ट्रिय सभामा लोकप्रियलाई मौका

- कांग्रेसले राष्ट्रिय सभा उम्मेदवारका लागि यसअघि प्रदेशबाट सिफारिस मागेको थियो भने केन्द्रीय समितिले मापदण्ड तय गरेको हो
- १९ सिटमा कांग्रेसले गठबन्धन गर्दा बढीमा १० सिट पाउने देखिन्छ तर ५०० भन्दा बढीको नाम उम्मेदवारका लागि सिफारिस भएर आइसकेको छ
- कांग्रेस केन्द्रीय समितिले सरकारमा अर्थमन्त्री डा. प्रकाशशरण महतको कार्यशैलीप्रति असन्तुष्टि पोख्दा परराष्ट्रमन्त्री एनपी साउदको भने प्रशंसा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसले राष्ट्रिय सभा सदस्य निर्वाचनमा लोकप्रिय व्यक्तिलाई उम्मेदवार बन्ने मौका दिने भएको छ । बिहीबारदेखि शनिबारसम्म तीन दिन चलेको केन्द्रीय समिति बैठकले उक्त निर्णय गरेको कांग्रेस प्रचार विभागका प्रमुख मीन विश्वकर्माले जानकारी दिए ।

यसअघि कांग्रेसका पूर्वउपसभापति गोपालमान श्रेष्ठदेखि पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाले राष्ट्रिय सभामा उम्मेदवार बन्ने आकांक्षा देखाएका थिए । कांग्रेसले राष्ट्रिय सभा उम्मेदवारका लागि यसअघि प्रदेशबाट सिफारिस मागेको थियो भने केन्द्रीय समितिले मापदण्ड तय गरेको हो ।




'प्रदेश कार्यसमितिको सिफारिस भई आएका नामहरूमध्ये भौगोलिक तथा जातीय क्षेत्रीय सन्तुलनसमेतलाई ध्यान दिई पार्टीमा योगदान गरेका, संसदीय क्षेत्रमा योगदान पुऱ्याउन सक्ने क्षमता भएका, पार्टीप्रति प्रतिबद्ध स्वच्छ छवि भएका हालसम्म कुनै पनि अवसर नपाएका वा विभिन्न कारणले अवसरबाट वञ्चित भएका योग्य तथा लोकप्रिय व्यक्तिलाई प्राथमिकता दिने,' केन्द्रीय समितिको निर्णयमा भनिएको छ । राष्ट्रिय सभामा २० सिट फागुन २० गतेबाट रिक्त हुँदै छ ।

(क्रमशः पृष्ठ २ मा)

### अर्थमन्त्री महतको कार्यशैलीमाथि असन्तुष्टि

मन्दीमा रहेको अर्थतन्त्रमा सुधारका लागि ठोस पहल गर्न नसकेको भनी अर्थमन्त्री डा. प्रकाशशरण महतको कार्यशैलीप्रति कांग्रेसले पनि असन्तुष्टि जनाएको छ । कांग्रेसले व्यावसायिक क्षेत्रमा सन्तोषजनक प्रगति हुनेगरी काम गर्न नसकेको भनी महतको कार्यशैलीप्रति असन्तुष्टि जनाएको हो ।

'विगतको तुलनामा यस आर्थिक वर्षमा वस्तुको आयात कम भएकोले वैदेशिक व्यापार घाटामा न्यूनीकरण भए पनि निर्यातमा उल्लेख्य मात्रामा वृद्धि हुन नसकेको देखिँदा व्यापारिक व्यावसायिक क्षेत्रमा सन्तोषजनक प्रगति हुन सकेको देखिएन,' आइतबार सार्वजनिक निर्णयमा भनिएको छ ।

कांग्रेसले मन्त्री महतमाथि पुँजीगत खर्च हुन नसक्ने समस्यामा पनि ठोस कदम चाल्न नसकेको बताएको छ ।

(क्रमशः पृष्ठ २ मा)

सन् २०२३ लाई फर्केर हेर्दा

# राजनीतिमा उथलपुथल, प्राकृतिक विपत्तिले पीर

■ **जेबी योञ्जन**

**काठमाडौं–** अंग्रेजी नयाँ वर्ष सन् २०२४ आजदेखि सुरु भएको छ । आइतबार राति १२ बजेपछि सन् २०२३ को बिदाइ गरिएको हो ।

नेपाली राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक, पर्यापर्यटनलगायत क्षेत्रमा सन् २०२३ उथलपुथलपूर्ण वर्ष भयो । प्राकृतिक विपद्ले पनि नेपालीजनलाई सताउनु सतायो । राजनीतिक क्षेत्रलाई हेर्दा गत वर्षको यही समय नेपाली राजनीतिमा नयाँ सत्ता समीकरण बनेको थियो । सत्ता गठबन्धन अदलबदल भएको थियो । बद्लिएको गठबन्धनमा नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)लगायत दल थिए ।

गठबन्धनको तर्फबाट नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले सरकारको नेतृत्व गरे । कांग्रेस सभापति शेरबहादुर देउवाले प्रधानमन्त्री पद नछाड्ने अडान लिँदा अन्ततः नयाँ गठबन्धन बनेको हो । दाहाल सरकारमा नयाँ दल रास्वपा सभापति रवि लामिछाने उपप्रधान तथा गृहमन्त्री भए । तर, नागरिकता पुनः प्राप्त गर्दा प्रक्रिया पूरा नगरेको भन्दै सर्वोच्चको आदेशपछि ३२ दिनमै पदमुक्त भए । उनी पदमुक्त भएको २७ जनवरी, २०२३ मा हो । सांसद पनि खारेज भयो । नागरिकताकै कारण उपप्रधान तथा गृहमन्त्री र सांसद पदमुक्त भएको यो नेपाली राजनीतिक इतिहासमा पहिलो हो ।

(क्रमशः पृष्ठ २ मा)




- सत्ता गठबन्धन भत्किने र कायम हुने क्रम चल्यो
- एमाले संघदेखि प्रदेशसम्मै सत्ताविहीन
- संविधानसभा अध्यक्ष सुवास नेम्बाङको निधन
- नक्कली भुटानी शरणार्थी, ललिता निवास, सुनकाण्ड, एनसेल, टेरामक्सजस्ता काण्डको छानबिन
- पोखरामा भएको विमान दुर्घटना ७२ जनाको मृत्यु
- भूकम्पबाट १५७ जनाको मृत्यु
- हमासको आक्रमणमा परी इजरायलमा १० जना नेपाली विद्यार्थीको मृत्यु, रूसी सेनामा गएका ६ नेपालीको मृत्यु

## बालकुमारी घटनाको छानबिन गर्न उच्चस्तरीय आयोग

**काठमाडौं (प्रस)–** सरकारले ललितपुरको बालकुमारीमा शुक्रबार भएक घटना छानबिनका लागि उच्चस्तरीय आयोग गठन गर्ने भएको छ । आइतबार बालुवाटारमा बसेको सत्ता गठबन्धनको बैठकमा यस्तो समिति गठन गर्ने सहमति बनेको हो ।

प्रधानमन्त्री पुष्पकमल दाहालले आयोग गठनका लागि उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई निर्देशन दिएका छन् । गृह मन्त्रालयले सोसम्बन्धी प्रस्ताव तयार पारेर मन्त्रिपरिषद्मा पेस गर्ने छ । 'बालकुमारी गोली काण्डबारे छानबिन गर्नका लागि छानबिन आयोग ऐन २०२६ बमोजिम पूर्वन्यायाधीशको अध्यक्षतामा उच्चस्तरीय छानबिन आयोग गठन गर्न प्रधानमन्त्रीले गृह मन्त्रालयलाई निर्देशन दिनुभयो,' बैठकपछि कांग्रेस प्रमुख सचेतक रमेश लेखकले भने, 'गृह मन्त्रालयले भोलि बस्ने मन्त्रिपरिषद् बैठकमा प्रस्ताव ल्याएर मन्त्रिपरिषद्ले निर्णय गरी भोलि (सोमबार) दिउँसोदेखि नै आयोगले काम गर्ने व्यवस्था मिलाउने कुरा भएको छ ।'

जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा २ बमोजिम आयोग गठन हुने उनको भनाइ छ । आयोगले सोमबारदेखि नै काम गर्ने छ । बालकुमारी घटनामा अछामका वीरेन्द्र शाह र दैलेखका सुजन रावतको मृत्यु भएको थियो । साथै मन्त्री प्रकाश ज्वाला सवार सवारीसाधनमा आगजनी भएको थियो ।

गृह मन्त्रालयले सोही दिन नै उक्त घटनाको छानबिनका लागि एक समिति गठन गरिसकेको छ । सरकारले शनिबारमात्रै ललितपुरका प्रहरी प्रमुख, ललितपुरका प्रमुख जिल्ला अधिकारी र इपिएस कोरिया शाखाका प्रमुखलाई छानबिन नसकिँदासम्मका लागि निलम्बन गरिसकेको छ ।

सन्दर्भः वैदेशिक रोजगार

## साउदी समस्या हल नभई बायोमेट्रिक गरे कारबाही गर्ने संघको चेतावनी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले साउदी अरेबिया जाने कामदारको बायोमेट्रिक नगर्न/नगराउन व्यवसायीहरूलाई आग्रह गरेको छ । नेपालस्थित साउदी राजदूतावासले विभिन्न वाहानामा दुःख दिने र एकाधिकार लागू गराउन खोजेको भन्दै उक्त समस्या हल नभएसम्म कामदारको बायोमेट्रिक नगराउ आग्रह गरेको हो ।

संघले व्यावसायिक हितका लागि उठान गरेको विषय सम्बोधन नभएसम्म साउदी दूतावासद्वारा एकोहोरो रूपमा जारी गरेको सूचनालाई आधार मानि बायोमेट्रिक गराई पासपोर्ट पेस गरे व्यवसायीमाथि कारबाही हुने चेतावनीसमेत दिइएको छ । साउदी दूतावासले अंग्रेजी नयाँ वर्ष २०२४ को पहिलो दिन अर्थात् जनवरी १ (आज) देखि नेपालबाट रोजगारीका लागि साउदी जाने कामदारहरूको बायोमेट्रिक गर्नुपर्ने व्यवस्था गरेको आफ्नो सूचनापाटीमार्फत जानकारी गराएपछि व्यवसायीहरू आन्दोलित भएका छन् ।

संघले एक विज्ञप्ति जारी गरी वैदेशिक रोजगारमा लागू गर्न खोजिएको एकाधिकारको विरोध गर्दै साउदी अरबको विकास निर्माणमा विगत ३० वर्षदेखि नेपाली श्रमिकले पुऱ्याउँदै आएको महत्वपूर्ण भूमिकाको स्मरणसमेत गराएको छ । संघसँग कुनै छलफल नै नगरी दूतावासले लिएको निर्णय कामदारलाई थप आर्थिक भार पार्ने र कालान्तरमा एकाधिकार जमाउन गरिएको सुरुआत भएको संघले ठहर गरेको छ ।

'हामी व्यवसायीले ३० वर्षदेखि सहज ढंगले कामदार पठाइरहेको अवस्थामा काठमाडौंस्थित दूतावासको कन्सुलेट अफिसले विभिन्न बहानामा व्यवसायीलाई दुःख दिने, सीमित कम्पनीलाई मात्र आइडी कार्ड प्रदान गर्ने, बेलाबेला आइडी कार्ड बन्द गरिदिने र सीमित संख्यामामात्रै भिसा पेस गर्न दिनेजस्ता कार्य गर्दा साउदी अरबमा कामदार सहज ढंग र छिटो जान सकिरहेका छैनन्,' विज्ञप्तिमा भनिएको छ । समस्या समाधानको लागि दूतावाससँग पटक-पटक छलफल गर्दा निकास नदिने र संघसँग समन्वयसमेत नगरेकोप्रति संघ गम्भीर रहेको पनि उल्लेख गरिएको छ ।




कामदारसँग जोडिने हरेक विषयमा नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग आवश्यक परामर्श र स्वीतिविना खडा हुने भिसा सेन्टरलगायतका संस्थाहरूलाई मान्यता नदिने संघले प्रस्ट पारेको छ । यस विषयमा गृह मन्त्रालय, पराराष्ट्र मन्त्रालय र श्रम मन्त्रालयलाई ध्यानाकर्षण गराइएको जनाउँदै कुनै एक संस्थामार्फत एकाधिकार लागु गर्न खोजिए संघले कडा प्रतिवाद गर्ने जनाएको छ ।

गत वैशाख २९ गते बायोमेट्रिक प्रणाली फेमिलि भिसा र भिजिट भिसामा जाने नेपालीलाई मात्रै लागू हुने जानकारी दिएको साउदी दूतावासले हाल आएर श्रम मन्त्रालयसँग कुनै छलफल नगरी अनुमतिविना नै एकपक्षीय रूपमा बायोमेट्रिक लागू गर्न खोजेको संघका महासचिव मेघनाथ भुर्तेलले बताए । कामदारलाई अधिक आर्थिक भार पार्ने गरी नेपाल सरकारको अनुमतिविना सञ्चालनमा ल्याउन लागिएको बायोमेट्रिक प्रणाली हटाउने पहल गरिदिन श्रम मन्त्री शरतसिंह भण्डारी र परराष्ट्र मन्त्रालयका विभिन्न निकायका उच्च पदस्थ अधिकारीहरूलाई छुट्टा-छुट्टै भेटेर आग्रह गरिएको उनले जानकारी दिए । साउदी दूतावासले गरेको एकपक्षीय तयारीबारे श्रम मन्त्रालयले पत्राचार गरी जानकारी माग गरिएको बताइएको महासचिव भुर्तेलले जानकारी दिए । तसर्थ उल्लिखित समस्याको हल नभएसम्म कामदारको बायोमेट्रिक नगराउन संघले व्यवसायीहरूलाई आग्रह गर्ने निर्णय गरेको उनले बताए ।

## युएई दूतावासको कार्यसम्पादन सार्वजनिक

**काठमाडौं (प्रस)–** संयुक्त अरब इमिरेट्स (युएई)स्थित नेपाली राजदूतावासले मंसिर महिनाको कार्यसम्पादन विवरण सार्वजनिक गरेको छ । दूतावासले २०८० मंसिर महिनामा सम्पादन भएका प्रमुख सेवाहरूको तथ्यांकीय विवरण सार्वजनिक गरेको हो ।

नेपालीहरूको प्रमुख श्रम गन्तव्यहरूमध्ये एक युएईमा रहेको दूतावासले आफुले गरेका प्रमुख कार्यसम्पदानहरूको विवरण महिनैपिच्छे सार्वजनिक गर्दै आइरहेको छ । दूतावासले नेपालीहरूको समस्या समाधान तथा सहजीकरणमा गरेको कार्य सम्पादन तथा प्रगति विवरणमा मंसिरमा तीन हजार ६७० पासपोर्ट नवीकरणका लागि संकलन भएको उल्लेख गरिएको छ भने दुई हजार ९४८ वटा पासपोर्ट नवीकरणपश्चात् वितरण गरिएको जनाएको छ ।

त्यस्तै ९२ जनालाई भिसा प्रदान गरिएको छ भने १३० जनाको ट्राभल डकुमेन्ट बनाइएको विवरणमा उल्लेख छ । यसैगरी १२८ जनाको कागजात प्रामाणिकरण गरिएको छ । साथै, रोजगारीका लागि संस्थागतरूपमा आएका १९४ वटा मागपत्र प्रमाणीकरण भएको दूतावासले जनाएको छ ।

यस्तै १४४ वटा समूहगत भिसा प्रमाणीकरण गरेको दूतावासले मंसिर महिनामा विभिन्न कारणले युएईमा मृत्यु भएका नेपालीहरूको १३ वटा शव व्यवस्थापन भएको उल्लेख गरेको छ । यस्तै विभिन्न माध्यमबाट आएका ५४६ वटा गुनासा तथा उजुरीहरूको सम्बोधन गर्दै मंसिरमा श्रमिकहरूलाई क्षतिपुर्ति र इन्स्योरेन्सबापत ५१ हजार तीन एइडी अर्थात् झण्डै १८ लाख ५२ हजार रूपैयाँ खर्च भएको दूतावासले जनाएको छ ।



## पृष्ठ १ बाट क्रमशः

### राजनीतिमा उथलपुथल...

लामिछाने पदमुक्त भएपछि गठबन्धनमा उचारचढाव भयो । अर्कातिर उपनिर्वाचन भयो । लामिछानेको चितवन-२ सँगै बारा-२ र तनहुँ १ मा उपनिर्वाचन भए । उपनिर्वाचनबाट रवि लामिछाने, स्वर्णिम वाग्ले र उपेन्द्र यादव निर्वाचित भए ।

यसपछि राष्ट्रपति कसलाई बनाउने भन्ने विषयमा एमालेसमेत रहेको गठबन्धनमा सहमति जुटेन । परिणामतः दुई महिनामै २४ फेब्रुअरी २०२३ मा एमाले र माओवादीको गठबन्धन भत्कियो । कांग्रेस, माओवादी, जसपा र एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी, जसपा, नागरिक उन्मुक्ति र जनमोर्चा नेपाल रहेको गठबन्धन बन्यो । एमाले संघदेखि प्रदेशसम्मकै सत्ताबाट च्युत भयो । ९ मार्च २०२३ देखि एमाले प्रमुख प्रतिपक्षको भूमिकामा पुग्यो । तेस्रोपटक प्रधानमन्त्री भएका दाहालले अन्तिम अवसरलाई खेर जान नदिने प्रतिवद्धता व्यक्त गरे ।

सोही वर्षको ९ मार्चमा नेपालको तेस्रो राष्ट्रपतिमा कांग्रेस नेता रामचन्द्र पौडेल निर्वाचित भए । उनले एमाले उपाध्यक्ष सुवासचन्द नेम्बाङलाई पराजित गरे। नेम्बाङ पूर्वसभामुख थिए । उनको यही वर्ष निधन भएको हो । १७ मार्चमा भने रामसहायप्रसाद यादव उपराष्ट्रपतिमा विजयी भए ।

यसबेलामा नेपाल-भारत र नेपाल-चीन सम्बन्धमा केही खटपट थियो। प्रधानमन्त्री दाहालले दुई छिमेकीसँग अझ प्रगाढ पार्न ३१ मेमा भारत र २२ सेप्टेम्बेरमा चीन भ्रमण गरे । भारत भ्रमणका क्रममा १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्ने दीर्घकालीन सहमति दाहाल र उनका भारतीय समकक्षी नरेन्द्र मोदीसँग भने । तर, नेपाली भूमि लिपुलेक, कालापानी, लिम्पियाधुराबारे भारतसँग औपचारिक वार्ता गरेनन् ।

उत्तरी छिमेकी चीन भ्रमणका क्रममा दाहालले राष्ट्रपति चिनफिङ र प्रधानमन्त्री ली खछियाङसँग उच्चस्तरीय वार्ता गरे । वार्तापछि कोरानाकालमा बन्द भएका उत्तरी नाका खुलाउनेलगायत केही समझदारी भयो ।

छिमेकी दुई देशसँगको सम्बन्ध थप सुधार गरेका दाहाललाई गठबन्धन दलहरूबीच विश्वास कायम गर्न र मन्त्रिपरिषद् विस्तार गर्न आठ महिना लाग्यो । उनले १२ पटक मन्त्री थप्ने काम गरे । अर्थात् सरकार मन्त्री हटाउने र नियुक्त गर्नमै दाहालको झण्डै एक वर्ष बित्यो । जबकि उनले तेस्रो प्रधानमन्त्रीत्वकालमा सुशासन कायम गर्ने दृढता व्यक्त गरेका थिए । सोहीअनुसार नक्कली भुटानी शरणार्थी काण्डको अनुसन्धान गराए । नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर सरकारमै बसेकाहरूबाट ठगेको ठूलो काण्ड हो ।

यहाँ पूर्वकार्यवाहक प्रधानमन्त्रीसमेत रहेका कांग्रेस नेता बालकृष्ण खाण, एमाले सचिव तथा पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, बहालवाला सचिव टेकनारायण पाण्डेलगायत 'हाइप्रोफाइल' नेतादेखि कर्मचारीसम्म पक्राउ परे। अझै रायमाझी, पाण्डेलगायत थुनामा छन् । खाण भने धरौटीमा रिहा भएका छन् । यसले दाहाल सरकार प्रशंसित बन्यो ।

दाहाल सरकार प्रशंसित भएको ललितानिवास जग्गा हिनामिना प्रकरणको अनुसन्धान गर्दा पनि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले प्रकरणमा मुछिएका १८ जनालाई पक्राउ गरी अनुन्धान अघि बढायो । यो प्रकरणमा हिरासतमा रहेका भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङलगायत १८ जनालाई जिल्ला अदालत काठमाडौंले १० सेप्टेम्बरमा धरौटीमा छाड्न आदेश दियो । यद्यपि, नीतिगत निर्णय गरेका पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई र माधवकुमार नेपालमाथि सिआइबीले अनुसन्धान अघि बढाएन । यसप्रति नागरिक समाजका प्रतिनिधिले विरोध जनाए ।

गत वर्षको ३ जुलाईमा सिंगापुरबाट तस्करी गरेर तस्करहरूले ल्याएको करिब ६० किलो सुन बरामद भयो । राजस्व अनुसन्धान विभागले उक्त सुन बरामद गरेको हो । ७ डिसेम्बरमा दुबईबाट तस्करी भएको १४ किलो सुन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै बरामद भयो ।

नेपालीजनलाई दुखाउने सबैभन्दा ठूलो घटना पनि गत वर्ष नै भयो । २३ जनवरीमा यती एयरलाइन्सको एटिआर विमान पोखरामा दुर्घटना हुँदा नेपाली र विदेशी नागरिक गरी ७२ जनाको ज्यान गयो । पूर्वी नेपालको पाँचथर, ताप्लेजुङ र संखुवासभामा गएको बाढीसहितको पहिरोले ३५ जनाभन्दा बढीको मृत्यु भयो । बैतडीको नौगाड नगरपालिका-१ मा गएको पहिरोले पनि १० जनाभन्दा बढीको ज्यान गयो ।

अक्टोबर महिना पनि नेपालीका लागि निकै दुःखद् रह्यो । हमास लडाकुको आक्रमणमा परी इजरायलमा १० नेपाली विद्यार्थीको ज्यान गयो । सरकारले घाइते र देश फर्किन चाहने नेपालीको उद्धार गऱ्यो । सैन्य सम्झौता नभएको रुस र युक्रेनमा पनि नेपाली युवाहरूको लर्को लाग्यो । रुसी सेनामा आबद्ध छ जना नेपाली युवाले ज्यान गुमाइसकेका छन् । घाइतेहरू थुप्रै छैन । केही युक्रेनी सेनाको नियन्त्रणमा रहेको विवरण परराष्ट्र मन्त्रालयसँग छ । सरकारले भने रुसी र युक्रेनी सेनामा भर्ती नहुन नेपालीहरूलाई आग्रह गरेको छ । भर्ती नलिन दुवै देशलाई सरकारले अनुरोध गरेको छ ।

यसबाहेक नेपालीजनका लागि गत वर्ष प्राकृतिक प्रकोप पनि निकै घातक बन्यो । ३ नोभेम्बरमा जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु बनाएर गएको भूकम्पले रुकुम पश्चिम र जाजरकोटमा १५७ जनाको ज्यान गयो, १९७ जना घाइते भए । भूकम्पले पाँच जिल्लामा गरी १६ हजार ८०० घर पूर्ण र ४३ हजार ९०० घरमा आंशिक क्षति पुऱ्यायो ।

डिसेम्बर २७ मा भने प्रहरीले ललितपुरको बालकुमारीमा भएको दंगामा प्रहरीको गोली लागेर २१ र २३ वर्षका दुई युवकको मृत्यु भयो । दक्षिण कोरियामा शिप बिल्डिङको परीक्षाका लागि आवेदन भर्न पाउँ भन्ने उनीहरूको माग थियो । तर, उनीहरूलाई प्रहरीले गोली र लाठी बर्साए । अन्ततः दुवै जनाको ज्यान गयो । ज्यान जानेहरू अछाम चौरपाटी गाउँपालिका-१ घर भई हाल काठमाडौं बस्ने वर्ष २१ का वीरेन्द्र शाह र दैलेखको महाबु गाउँपालिका-६ घर भई हाल भक्तपुर बस्ने वर्ष २३ का सुजन राउत हुन् ।

र, प्रविधि क्षेत्रमा दूरसञ्चार प्रदायक कम्पनी एनसेल प्रकरणदेखि टेरामक्सजस्ता ठूला भ्रष्टाचार प्रकरण पनि बाहिरिएको छ । दुवै प्रकरण छानबिनको क्रममा छन् ।

### राष्ट्रिय सभामा...

उक्त सिटमध्ये १९ जना प्रत्यक्ष निर्वाचित भएर आउनुपर्ने हुन्छ । जसका लागि माघ ११ गते निर्वाचन तोकिएको छ ।

राष्ट्रिय सभा निर्वाचनमा कांग्रेसले सत्तारुढ दल नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टीसँग चुनावी तालमेल गर्ने निर्णयसमेत गरेको छ । 'राष्ट्रिय सभाको निर्वाचनका लागि सत्तारूढ गठनबन्धनमा आबद्ध दलहरूको बीचमा हुने सहमतिका आधारमा साझा उम्मेदवार बनाउने,' कांग्रेसको निर्णयमा भनिएको छ । गठबन्धन दलहरूबीच सिट बाँडफाँट नभए पनि स्थानीय निर्वाचनमा दलको उपस्थितिअनुसार दाबी प्रस्तुत गर्ने तयारी कांग्रेसको छ । यसमा कांग्रेसले कम्तीमा १० सिट दाबी गर्ने बताइएको छ ।

## उम्मेदवारका लागि कांग्रेसबाटै ५०० भन्दा बढी सिफारिस

कोशी कांग्रेसले तीनजनाको नाम मागेकोमा ६३ जनाको नाम सिफारिस गरेको छ । प्रदेश कार्यसमितिले झापाका कृष्णप्रसाद सिटौला र महिलातर्फ मोरङकी सुजाता कोइरालाको नाम पहिलो नम्बरमा राखेर पठाएको छ। दुवै नेता २०७९ मंसिरको निर्वाचनमा पराजित भएका हुन् । सिटौला झापा-३ मा राजेन्द्र लिङ्देन र सुजाता मोरङ ३ मा एमालेका ऋषिकेश पोखरेलसँग पराजित भएकी थिइन् । कांग्रेस प्रदेशले महेश आचार्य, डा. मीनेन्द्र रिजाल, गुरुराज घिमिरे, उमेशजंग रायमाझी, तारामान गुरुङ, टंक राई, गिरिराज आचार्य, डा. डिला संग्रौला र रुक्मिणी कोइरालासहितको नाम केन्द्रमा पठाएको छ ।

मधेसबाट प्राथमिकताक्रम निर्धारण गरेर सात नेताको नाम पठाइएको छ । वरिष्ठताको आधारमा पठाइएको सम्भावित सूचीको पहिलो नम्बरमा आनन्दप्रसाद ढुंगानालाई राखिएको छ । केन्द्रीय सदस्य ढुंगाना अनुशासन समितिका संयोजकसमेत हुन् । समानुपातिकतर्फको बन्द सूचीमा रहेका ढुंगानाको नाम सूचीबाट फिर्ता गरिएको थियो । सहमहामन्त्री फरमुल्लाह मन्सुरलाई प्राथमिकताक्रममा दोस्रो स्थानमा नाम राखेर पठाइएको छ। गत निर्वाचनमा समानुपातिक उम्मेदवार बनेका मन्सुर सांसद बन्न भने सकेनन् । अन्य नाममा नागेन्द्रकुमार सर्लाही, राधेचन्द्र यादव वारा, रामचन्द्र तिवारी महोत्तरी, रजिन्द्रबहादुर अमात्य पर्सा र हृदयनारायण यादव रौतहटलगायत छन् । आठ जिल्लाबाट आएका सबै सिफारिसलाई केन्द्रमा पठाइएको मधेसका कांग्रेस प्रचार विभाग प्रमुख नितेशकुमार गुप्ताले जानकारी दिए ।

यता कांग्रेस बागमतीले ९१ जनाको नाम सिफारिस गरेको छ । बुधबार कांग्रेस बागमती प्रदेश सभापति इन्द्र बानियाँले राष्ट्रिय सभा सदस्य पदको निर्वाचनका लागि बागमती प्रदेशका १३ जिल्लाबाट ९१ जनाको नाम सिफारिस गरेका हुन् ।

जसमा केन्द्रीय सदस्यहरू दोलखाका जिपछिरिङ लामा, काभ्रेका गणेश लामा, धादिङका दिलमान पाख्रिन, चितवनका टेकबहादुर गुरुङ रहेका छन् । काठमाडौंकी राधा घले, हरिशरण नेपाली, भक्तपुरका गंगा अवला, मदनकृष्ण श्रेष्ठ, ललितपुरका मदन अमात्य र जितजंग बस्नेत राष्ट्रिय सभा सदस्य पदको उम्मेदवारका लागि कांग्रेस बागमती प्रदेशले सिफारिस गरेको छ ।

प्रदेश पदाधिकारीबाट राष्ट्रिय सभा सदस्य पदमा उम्मेदवारका लागि सिफारिस हुनेमा उपसभापति चन्द्र महर्जन, महासचिव राजु श्रेष्ठ, सहमहामन्त्री जीवन डंगोल र हरिशरण श्रेष्ठ रहेका छन् । काठमाडौंका जिल्ला सभापति सबुज बानियाँ र मकवानपुरका सभापति बुद्ध लामा पनि राष्ट्रिय सभा सदस्य पदको उम्मेदवारका लागि प्रदेश समितिले सिफारिस गरेको छ । राष्ट्रिय व्यक्तित्वतर्फ कलाकार नीर शाह र पत्रकार तारानाथ दाहाललाई राष्ट्रिय सभा सदस्य पदमा उम्मेदवार बनाउन सिफारिस गरिएको छ । गण्डकी कांग्रेस प्रदेश कार्यसमितिको १७८ जनाको नाम सिफारिस गरेको छ। सूचीमा प्रदेश समितिका अध्यक्ष शुक्रराज शर्मा पनि छन् । उनीसहित गण्डकीका पूर्वमुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल, पूर्वउपसभापति गोपालमान श्रेष्ठ र पूर्वमन्त्री रोमी गौचनको नाम पनि सूचीमा समावेश छ ।

लुम्बिनी कांग्रेसले १२१ जनाको नाम राष्ट्रिय सभा उम्मेदवारका लागि सिफारिस गरेर पठाएको छ । यसरी सिफारिस हुने शीर्ष नेतामा अर्घाखाँचीबाट पुष्पा भुसाल, गुल्मीबाट चन्द्र केसी, प्युठानबाट डा. गोविन्द पोखरेल, रूपन्देहीबाट भरत शाहलगायत छन् । कांग्रेस केन्द्रीय सदस्य भुसाल २०७९ को प्रतिनिधिसभा सदस्यमा अर्घाखाँचीबाट र शाह रूपन्देही निर्वाचन क्षेत्र-५ बाट उम्मेदवार थिए ।

कर्णालीबाट ९२ जनाको नाम सिफारिस भएको कर्णाली प्रदेश कार्यसमितिले जनायो । सुर्खेतबाट पूर्वपार्टी सभापति डम्बर जिसी, पूर्वमन्त्री खड्क बस्याल, प्रदेश कार्यसमितिका कोषाध्यक्ष खगिसरा आचार्यसहित २४ भन्दा बढीको नाम सिफारिस भएको छ । यस्तै कालीकोटबाट तरुण दलका पूर्वकेन्द्रीय महासचिव भूपेन्द्रजंग शाही, प्रदेश उपसभापति कालिबहादुर सहकारी, प्रदेश कार्यसमिति सदस्य मनबहादुर नेपाली, मोतिराज बम, यशोदा शाहीलगायत नौ जनाको नाम सिफारिस भएको छ ।

दैलेखबाट पूर्वसभापति रविन्द्रराज श्रेष्ठ, पूर्वराष्ट्रिय सभा सदस्य रंगबहादुर शाही, पूर्वमन्त्री हिमबहादुर शाही, सुमित्रा शाहलगायतको नाम सिफारिस भएको छ ।

पुस २३ गते राष्ट्रिय सभा उम्मेदवारको मनोनयन दर्ता गर्ने निर्वाचन आयोगको कार्यतालिका छ । आगामी फागुन २० गते एमालेका नौ, कांग्रेसका चार, माओवादी केन्द्रका तीन, एकीकृत समाजवादीका दुई, जसपाका एक र स्वतन्त्र सांसद एकजना गरी २० सांसदको पदावधि सकिँदै छ । पदावधि सकिनेमध्ये बागमती प्रदेशबाट चार जना रहेका छन् । खिमलाल देवकोटा, एमालेबाट रामचन्द्र राई, दिल कुमारी रावल थापा 'पार्वती', र एकीकृत समाजवादीबाट सिंगबहादुर विश्वकर्माको पदावधि फागुन २० मा सकिने भएको हो । सुदूरपश्चिम कांग्रेसले अझै सिफारिस नाम सार्वजनिक गरेको छैन ।

## परराष्ट्रमन्त्री साउदको प्रशंसा

कांग्रेस केन्द्रीय समितिले परराष्ट्रमन्त्री एनपी साउदको भने प्रशंसा गरेको छ । उनले जनतामा गौरव महसुस हुनेगरी काम गरेको कांग्रेसको निर्णयमा उल्लेख छ । उनी पनि सभापति देउवाका विश्वासपात्र हुन् । 'यस अवधिमा नेपालको परराष्ट्र सम्बन्धमा उल्लेख्य प्रगति भएको छ । संयुक्त राष्ट्रसंघका महासचिवको नेपाल भ्रमण सम्पन्न हुनु, नेपाली कामदार भएका मुलुकमा नेपाली राजदूतावास खोल्ने कार्य आफैंमा प्रशंसानीय छ,' कांग्रेसको निर्णयमा भनिएको छ, 'हमास इजरायल युद्धमा हमासको आक्रमणमा परी ज्यान गुमाएका नेपाली नागरिकको शव स्वदेश ल्याउने तथा विपत्मा परेका सयौं नेपाली विद्यार्थीको उद्धारका लागि परराष्ट्रमन्त्री नेपाली ध्वजावाहक विमान लिएर आफैं युद्धग्रस्त मुलुक पुगेर सफलताका साथ उद्धार गर्ने साहसिक कार्यले नेपाली जनतामा गौरव महसुस गराएको छ भने अन्तर्राष्ट्रिय जगतमा नेपालको साख वृद्धि भएको छ ।'

केन्द्रीय समितिको निर्णयमा स्वास्थ्यमन्त्री मोहन बस्नेतसहित सात मन्त्रीको प्रगति विवरणबारे भने केही उल्लेख गरिएको छैन । स्वास्थ्यमन्त्री बस्नेतले पहिलो दिन बिहीबार नै आफ्नो प्रगति विवरण सुनाएका थिए भने अन्य मन्त्रीले दोस्रो दिन प्रगति विवरण सुनाएका थिए ।

### अर्थमन्त्री महतको...

'पुँजीगत खर्च हुन नसक्ने विगतको समस्या यथावत नै छ । सम्पन्न भएका आयोजनाको पनि निर्माण व्यवसायीलाई दिनु पर्ने रकम समयमा भुक्तानी नभएको अवस्थाले पनि विकास निर्माणका आयोजना कार्यान्वयनमा सुस्तता देखिएको छ,' निर्णयमा उल्लेख छ । अर्थमन्त्री महत पार्टी सभापति शेरबहादुर देउवाका विश्वासपात्र हुन् । संकटग्रस्त अवस्थामा पनि मुलुकको आर्थिक क्षेत्रमा सकारात्मक संकेतहरू देखिन थालेको कांग्रेसको दाबी छ । 'विगतमा संकटग्रस्त देखिएको मुलुकको आर्थिक क्षेत्रमा विस्तारै सुधारका संकेतहरू देखिन थालेको, बैंकिङ प्रणालीमा तरलताको मात्रा बढे संगै कर्जाको व्याजदर क्रमशः घट्दै गएको, कर्जा प्रवाहमा वृद्धिसँगै घरजग्गाको कारोबारमा पनि वृद्धि भएकोले आर्थिक क्षेत्रमा सकारात्मक संकेतहरू देखिन थालेको छ,' कांग्रेसको निर्णयमा भनिएको छ । तीन दिनसम्म चलेको बैठकमा पार्टीबाट सरकारमा सहभागी नौ मन्त्रीले आफ्नो प्रगति विवरण प्रस्तुत गरेका थिए ।


## युएई/साउदी अरबमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CHENOTH EMPLOYMENT- SOLE PROPRIETORSHIP LLC

पूर्व स्वीकृति मिति : २०८०/०९/१५ LT. No. 297282 चलानी नं. ६०२१२४२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 290 | 0 | 1200 | ४३,५६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | electrician | 200 | 0 | 1200 | ४३,५६९ | | | | | | | |
| 3 | ELECTRICIAN ASSISTANT | 10 | 0 | 1200 | ४३,५६९ | | | | | | | |

कम्पनी : L & T Hydrocarbon Saudi Company

पूर्व स्वीकृति मिति : २०८०/०९/१५ LT. No. 297427 चलानी नं. ६०२१२४२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 60 | 0 | 1000 | ३५,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २३ गते (8th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mass Human Resource Pvt. Ltd.
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765
Govt. License 938/067/068



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : O.M. (M) SDN BHD

पूर्व स्वीकृति मितिः २०७९/०५/०६ पुन विज्ञापन स्वीकृति मितिः २०८०/०९/१५ LT. No. 270065 चलानी नं. ६०१८५९१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २३ गते (8th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००४/०६८/०६९
Nepal Recruitment Consultancy Pvt. Ltd.
Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4585649/ 4585648/ 4585647



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : REMBIA NURSER

पूर्व स्वीकृति मिति २०८०/०२/२१ LT. No. 287161 चलानी नं. ६०२०२५६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production, Harvesting & Post Harvesting | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २३ गते (8th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUN RAY GLOBAL OVERSEAS PVT. LTD.
918/067/68
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Fax: +977-1-4464202
Email :sunray918@gmail.com, srgoverseas@gmail.com


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

पुस १६ गते २०८०, सोमबार

| | |
|---|---|
| मेष | रोकिएका काम सम्पन्न, कामप्रति जिम्मेवारी। |
| वृष | स्वास्थ्यमा उपचारमा खर्च, धनमाल हराउन सक्छ । |
| मिथुन | प्रतिक्षा गरिएको उपलब्धि, नयाँ ज्ञानको उत्साह । |
| कर्कट | शत्रुहरु किनारा लाग्ने, ईर्ष्या गर्नेले सहयोग गर्ने । |
| सिंह | व्यापारमा फाइदा, पशु तथा कृषि क्षेत्रमा राम्रो । |
| कन्या | अरूको विश्वास गर्दा धोका हुन सक्छ । |
| तुला | स्रोत र साधन जुट्नाले कर्मको उचित प्रतिफल । |
| वृश्चिक | अध्ययनमा प्रगति, चिताएको काम सम्पन्न । |
| धनु | नयाँ काम, धन आर्जन, कमिकमजोरीमा सुधार । |
| मकर | अर्थ अभाव, साथिभाईसँग भेटघाट र परिवारसँग टाढा । |
| कुम्भ | भविष्यकालागि लगानी, काम पूरा गर्न समय लाग्नेछ । |
| मीन | सामाजिक कार्यमा हौसल्ला, आँटले दिगो फाइदा । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

पुस १६ गते, २०८०, १ जनवरी, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.०४ | १३३.६४ |
| युरो | १ को | १४५.२८ | १४५.९३ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.५३ | १६९.२९ |
| स्विस फ्रैन्क | १ को | १५३.०१ | १५३.७० |
| अस्ट्रेलियन डलर | १ को | ८९.३५ | ८९.७५ |
| क्यानाडियन डलर | १ को | ९८.९१ | ९९.३५ |
| सिंगापुर डलर | १ को | १००.०७ | १००.५२ |
| जापानी येन | १० को | ९.४१ | ९.४५ |
| चिनियाँ युआन | १ को | १८.६५ | १८.७३ |
| साउदी अरब रियाल | १ को | ३५.४६ | ३५.६२ |
| कतारी रियाल | १ को | ३६.४८ | ३६.६५ |
| थाई भाट | १ को | ३.८० | ३.८२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२२ | ३६.३९ |
| मलेसियन रिङेट | १ को | २८.४७ | २८.६० |
| दक्षिण कोरियन वन | १०० को | १०.२८ | १०.३३ |
| स्विडिस क्रोनर | १ को | १२.९९ | १३.०५ |
| डेनिस क्रोनर | १ को | १९.४९ | १९.५७ |
| हङकङ डलर | १ को | १७.०४ | १७.१२ |
| कुवेती दिनार | १ को | ४३२.६४ | ४३४.५९ |
| बहराइन दिनार | १ को | ३५२.९० | ३५४.४९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।












**तमु ल्होसारको रौनक |** तमु ल्होसारको अवसरमा काठमाडौंको टुँडिखेलमा आयोजित तमु ल्होसार महोत्सवमा मौलिक भेषभूषाका साथ सहभागीहरू ।

*तस्बिरः मनिष राई/प्रभाव*

# रुकुम पश्चिमका २० हजार लाभग्राहीले पाए पहिलो किस्ता

**त्रिवेणी, रुकुम पश्चिम (प्रस)**– गत कात्तिक १७ गते राति जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु बनाएर गएको भूकम्पले क्षति पुऱ्याएको रुकुम पश्चिममा करिब २० हजार लाभग्राहीले अस्थायी आवास निर्माण गर्न पहिलो किस्ता प्राप्त गरेका छन् ।

जिल्लाका छवटै स्थायीय तहमा गरेर हालसम्म १९ हजार ७१७ लाभग्राहीले पहिलो किस्ताबापतको २५ हजार रूपैयाँका दरले रकम प्राप्त गरेका हुन् । जिल्ला विपद् व्यवस्थापन कोषबाट २३ हजार ६०८ लाभग्राहीका लागि पहिलो किस्ताबापतको रकम पठाइए पनि स्थायीय विपद् न्यूनीकरण कोषबाट १९ हजार ७१७ लाभग्राहीले रकम प्राप्त गरेको सहायक प्रमुख जिल्ला अधिकारी प्रवेश बढुवालले जानकारी दिए ।

उनका अनुसार हालसम्म सबैभन्दा बढी आठबिसकोट नगरपालिकामा सात हजार लाभग्राहीले रकम प्राप्त गर्दा बाँफीकोट गाउँपालिकामा भने प्रमुख प्रशासकीय अधिकृत नहुँदा कुनै पनि लाभग्राहीले पहिलो किस्ता प्राप्त गर्न सकेका छैनन् ।

त्यस्तै चौरजहारी नगरपालिकामा पाँच हजार ९३८, मुसिकोट नगरपालिकामा २११, सानीभेरी गाउँपालिकामा चार हजार ४९९ र त्रिवेणी गाउँपालिकाका दुई हजार ६९ लाभग्राहीले पहिलो किस्ताबापतको २५ हजार रूपैयाँका दरले ४९ करोड २९ लाख २५ हजार रूपैयाँ प्राप्त गरेका छन् ।

जिल्ला विपद् व्यवस्थापन कोषबाट भने ५९ करोड दुई लाख रूपैयाँ रकम स्थानीय विपद् जोखिम न्यूनीकरण कोषमा पठाइएको छ । जिल्ला विपद् व्यस्थापन कोषबाट पठाइएको पहिलो किस्ताबापतको रकम अझै तीन हजार ९१ लाभग्राहीले पाउन बाँकी छ । जिल्लाभर हालसम्म २६ हजार ८०५ लाभग्राहीको प्रहरी लगत संकलन भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।


## बिमालेख हरायो

मिति २०८०/०८/१० गते, चावहिलदेखि रत्नपार्कसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : अनिता खड्का**
**विमालेख नं : २५२१०१४६८**
**Life Insurance Corporation (Nepal) Ltd**
**ठेगाना : दुदिलाभाटी ३, बागलुङ**
**सम्पर्क नं : ९८४९७८५८२३, ९८६३०४०००३**

## कागजात हराएको सूचना

मितिः २०८०/०८/०२६ गते पुतलिसडकदेखि अनामनगरसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको पोखरा विश्वविद्यालयको **MBA** को transcript, provisional र migration certificate हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : सहर्ष खड्का**
**रजिस्ट्रेसन.नं.: २०१७-२-२२-०१९१**
**सिम्बोल.नं.: १७५७०१०१**
**ठेगाना.: सुनापती ४, रामेछाप**
**सम्पर्कः ९८५११४८१९८**

## सच्याइएको

Government of Nepal
Ministry of Home Affairs
Department of Immigration, Kalikasthan
Dillibazar, Kathmandu
Nepal, Bids No: DOI/G/NCB-04/2080-81

मिति २०८० पुस १५ गते प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित भएको बोलपत्र आह्वानको सूचना क्रमशः बुँदा नं. ३ मा २०८०/१०/१५, बुँदा नं.४ २०८०/०९/२४, १:००, बुँदा नं. ५ मा २०८०/१०/१६, १२:०० बजे र बुँदा नं. ६ मा २०८०/१०/१६, २:०० बजेभित्र हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको व्योहोरा जानकारी गराइन्छ ।



## Invitation for Bids
## Education Development Directorate
**Rajpur, Doti**
**Sudurpaschim Province, Nepal**

## INVITATION FOR BIDS FOR THE CONSTRUCTION OF BUILDINGS

***Date of publication: (Jan-01, 2024)2080/09/16***

1. Education Development Directorate Rajpur, Doti has allocated funds received from Ministry of Social Development Sudurpaschim Province to cover eligible payments under the Contract for Construction of different School Buildings and boundary wall works . Bidding is open to all eligible Nepalese Bidders.
2. Education Development Directorate Rajpur Doti invites electronic bids from eligible bidders for the construction of Construction of school Buildings and boundary wall works in different district under National Competitive Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:

| S. N. | Contract Identification Number | Description of Work | Total Project Cost Excluding VAT (NRs) and PS | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | NCB/EDD /080/81/ SBD/01 | Construction of school Building for Himalaya ma bi Saphebagar na pa Achham. | 94,67,027.30/- | 2,60,000/- | 3000/- | Hard Copy Not Acceptable |
| 2 | NCB/EDD /080/81/ ABD/02 | Construction of Addition building, Guard house, Boundary wall for Mahendra Namuna Ma bi Darchula. | 1,07,24,387.25/- | 2,60,000/- | 3000/- | Hard Copy Not Acceptable |
| 3 | NCB/EDD /080/81/ SBD/03 | Construction of school Building block A in Kanti Rajya laxmi ma bi Pahalwanpur Kailali. | 1,07,55,257.66/- | 2,60,000/- | 3000/- | Hard Copy Not Acceptable |

3. Bidder should submit their bid electronically and may down load the bidding documents for e-submission from PPMO's Web Site ***www.bolpatra.gov.np.*** Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswo (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: **Rastriya Banijya Bank, Doti**
   Name of Office: Education Development Directorate, Rajpur, Doti
   Office account no.: 1000100200010000 (Rajaswo) Revenue Code: 14229
   Office code: 3500171017
4. Pre-bid meeting on 2080/10/07(Jan-21,2024) @ 12:00 Noon
5. Electronic bids must be submitted on or before 12:00 Noon on 2080/10/17(Jan-31-2024).
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 on 2080/10/17 (Jan-31,2024) at the city office of Education Development Directorate, Rajpur, Doti Bids must be valid for a period of **90 (Ninty) days after bid opening** and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting NRs.**2,60,000/-** which shall be valid for 30 days beyond the validity period of the bid.
   Name of the Bank: **Rastriya Banijya Bank, Doti**
   Name of Office: Province Account Unit office Doti
   Office account no.: 4100100202030000, Office code: 3500171017.
7. In case of discrepancy or error in Tender notice, bid document and other document of Construction different scool and boundary wall works in districts. Education Development Directorate Rajpur, Doti reserves right to amend, correct at any time. Such amendment and correction shall be published in the national daily newspaper, notice board or official website: ***www.eddsp.gov.np*** of the Education Development Directorate Office, Rajpur, Doti 094-440309

**Director**
**Education Development Directorate**
**Rajpur, Doti**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## समितिमाथि आयोग किन ?

इपिएस परीक्षा दिन नपाएका युवा सडकमा आएपछि दुई जनाको मृत्युको विषयलाई लिएर अहिले श्रमदेखि राजनीतिक क्षेत्र तरंगित छ । सरकारले शुक्रबार बालकुमारीमा भएको घटनालाई लिएर तत्कालै छानबिन समिति गठन गरिसकेको छ । काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रहरी नायब महानिरीक्षक (डिआइजी) लालमणि आचार्यको नेतृत्वमा बनाइएको समितिमा ललितपुरका सहायक प्रमुख जिल्ला अधिकारी अमरदीप सुनुवार र राष्ट्रिय अनुसन्धान विभागका उपअनुसन्धान निर्देशक वासु सिग्देल सदस्य छन् ।

ललितपुरको बालकुमारीमा शुक्रबार भएको प्रदर्शनका क्रममा घाइते भएका दुई जनाको मृत्यु भयो । प्रदर्शनका क्रममा डोटीका २२ वर्षे वीरेन्द्र साह र दैलेखका २३ वर्षे सुजन रावतको मृत्यु भएको हो । कोरिया जानका लागि लिइने रोजगार अनुमति प्रणाली (इपिएस)को परीक्षा दिन नपाएको भन्दै युवाहरुले बालकुमारीमा प्रदर्शन गरेका थिए । सोहीक्रममा आन्दोलनकारीले भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला सवार गाडीमा आगजनी गरेका थिए । त्यसपछि भएको झडपका क्रममा उनीहरु घाइते भएका थिए । प्रदर्शनका क्रममा पक्राउ परेका ७३ जना रिहा भइसकेका छन् भने प्रहरी परिसर ललितपुरका प्रहरी नायब उपरीक्षक र भौतिक पूर्वाधार तथा यातायातमन्त्रीको व्यक्तिगत सुरक्षा अधिकृत निलम्बनमा परेका छन् ।

गृह मन्त्रालयले ललितपुरका डिएसपी उमेश लम्साल र मन्त्रीका पिएसओ प्रहरी सहायक निरीक्षक बोधराज दनुवारलाई निलम्बन गरेको हो । छानबिन समितिको कामलाई वस्तुनिष्ठ बनाउन भन्दै मन्त्रालयले इपिएस कोरिया शाखाका निर्देशक गुरुदत्त सुवेदीलाई समेत निलम्बन गरेको छ । यता मृतकका परिवारलाई प्रतिपरिवार १० लाख दिने सरकारको निर्णय सार्वजनिक भइसकेको छ ।

समितिलाई सात दिनभित्र सत्यतथ्य छानबिन गरी प्रतिवेदन बुझाउने गरी जिम्मेवारी दिइएको अवस्थामा सत्ता गठबन्धनले फेरि उच्चस्तरीय आयोग गठनका लागि गृहलाई निर्देशन दिएको छ । आइतबार बसेको सत्ता गठबन्धन बैठकले न्यायाधीशको संयोजकत्वमा यति चाँडै किन नयाँ छानबिन समितिको आवश्यकता औंल्यायो ? यो आफैं अचम्मको विषय छ ।

डिआइजी आचार्य नेतृत्वको छानबिन समितिले यस विषयमा काम सुरु गरिसकेको अवस्था छ । आचार्य नेतृत्वको रिपोर्ट नआई सरकारले समितिमाथि आयोग निर्माणमा तदारुकता किन देखायो । कि अरु काम गर्न नसके पनि आयोग बनाउन सरकार खप्पिस छ भनेर देखाउन ? नत्र एउटा समितिको रिपोर्ट नआई किन आयोगको कल्पना गरेको हो ? कि घटनालाई थप गिजोल्न ?

# जलवायु न्यायले पाउँदै छ अन्तर्राष्ट्रिय प्राथमिकता



कृष्ण अधिकारी

> पृथ्वीको तापक्रम बढ्दै जाँदा त्यसबाट निम्तिन सक्ने खराब अवस्थाहरु आउन नदिन संयुक्त राष्ट्रसंघका वैज्ञानिकहरूले हालै मानिसहरूले गर्नुपर्ने योजनासहित विभिन्न सुझावहरु सार्वजनिक गरेका छन् । राष्ट्रसंघको वातावरणीय निकाय इन्टरगभर्मेन्टल प्यानल अन क्लाइमेट चेञ्ज आइपिसिसीका अनुसार मानिसहरूले जलवायु परिवर्तनको जोखिमबाट जोगिनका लागि खनिज इन्धनको प्रयोग कम गर्नुको अर्को बलियो विकल्प नभएको बताएका छन् । पृथ्वीको तापक्रम बढ्न नदिन ऊर्जा उत्पादनका लागि कोइलाको प्रयोगलाई सदाका लागि बन्द गर्नुपर्छ ।

सन् २०१७ मा १०० जनाभन्दा धेरैको ज्यान लिनेगरी पोर्चुगलमा फैलिएको उष्णलहर र डढेलोबाट प्रभावित बनेकी २४ वर्षीया क्लाउडिया डुआर्टे अगोस्टिन्होसहित उनका २० वर्षीय भाइ मार्टिम र ११ वर्षीया बहिनी मारियानासहित छ जनाले ३२ वटा देशका सरकारविरुद्ध मुद्दा हालेका थिए । युरोपेली संघका सबै सदस्य, बेलायत, नर्वे, रुस, स्विट्जरल्याण्ड र टर्कीलाई जलवायु परिवर्तनको बारेमा पर्याप्त काम नगरेको र पेरिस सम्झौताले तोकेको लक्ष्यअनुरूप विश्वव्यापी तापमान १.५ डिग्री सेल्सियसभित्र कायम गर्नेगरी हरितगृह ग्यासको उत्सर्जन कम गर्न चुकिरहेको भन्ने उनीहरूको आरोप छ ।

उक्त मुद्दा मानवअधिकारसम्बन्धी मामिला हेर्ने युरोपेली अदालत (इसिएचआर)मा विचाराधीन छ । विश्वमा निकै महत्त्वका साथ हेरिएको जलवायु परिवर्तनसम्बन्धी पहिलो मुद्दा मानिएको छ । बाँच्न पाउने अधिकार, गोपनीयता, पारिवारिक जीवन र विभेदमुक्त हुन पाउनेसहितका आफ्ना आधारभूत अधिकारहरू जलवायु परिवर्तनसँग जुझ्ने कुरामा सरकारहरूले देखाएको अनिच्छाका कारण मिचिएको उनीहरूको दाबी छ ।

त्यस्तै अमेरिकाको ओरिगनको मल्ट्नोमा काउन्टीले कयौं तेल र ग्यास उत्पादकहरूविरुद्ध सन् २०२१ मा भीषण गर्मी गराएको भन्दै ५२ अर्ब डलर क्षतिपूर्ति मागसहित मुद्दा दायर गरेको छ । जलवायु परिवर्तनसम्बन्धी इतिहासकै ठूलो कानुनी लडाइँको रूपमा लिइएको यो मुद्दा अहिले पनि विचाराधीन रहेको छ । न्यायालयले काउन्टीको पक्षमा निर्णय गरेमा तापक्रम बढाउन मुख्य जिम्मेवार मानिएका जीवाश्म इन्धन उत्पादन गर्ने दर्जनौं कम्पनीहरूले क्षतिपूर्ति दिनुपर्ने बाध्यताको सिर्जनामात्र हुँदैन । यस्ता कम्पनीहरूको अस्तित्वमाथि नै गम्भीर प्रश्न खडा हुने बताइएको छ ।

यी दुवै मुद्दालाई अन्तर्राष्ट्रिय विभिन्न सञ्चारमाध्यमहरूले प्राथमिकता मात्र दिएका थिएनन्, भावी सन्ततिका लागि विश्वको सुरक्षित भविष्यको सुनिश्चित गर्न जिम्मेवार व्यवहारका लागि सूचनाहरू सम्प्रेषण गरेका थिए । जलवायु परिवर्तनका कारण विश्वका अनेक जटिल समस्याहरूलाई लिएर विभिन्न देशका न्यायालयहरूमा मुद्दा दर्ता हुने क्रम बढ्दो छ र न्यालयहरूबाट पनि साझा चासो र चिन्ताको जलवायु न्यायको पक्षमा निर्णयहरू भइरहेका छन् । न्यायाधीशहरूमा जलवायु परिवर्तनबारे आएको स्पष्ट दृष्टिकोणका कारण अधिकांश न्यायालयहरूबाट अगामी दिनमा जलवायुमैत्री निर्णय आउने आशा गरिएको छ ।

